# श्री काभ्रेपलाञ्चोक जिल्ला अदालत

## वार्ता द्वारा सवारीसाधन बिक्रि गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशन मिति २०७३।०३।२७**

विभिन्न मुद्दामा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सिमा आम्दानि बाँधिएका मोटरसाइकलहरु १७ सत्र थान र कार थान १ एक समेतका सवारी जन्य सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदलत नियमावली, २०५२ को नियम ९०क., ऐ. को नियम ९०ख. तथा आर्थिक कार्यविधि नियमावली, २०६४ समेत बमोजिम डाँक बढाबढ द्वारा एकमुष्ट लिलाम बिक्रि गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्महरुबाट डाँक बढाबढको लागि आह्वान गरी मिति २०७३।०२।२३ मा २१ दिने र मिति २०७३।०३।१३ गतेमा ७ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकिसत गर्दा समेत निर्धारित मिति र समय सम्ममा कोही कसैले पनि लिलाममा चढेका सामानहरु लिलाम सकार गर्न नआएकोले उक्त मोटरसाइकलहरु जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क. को उपनियम (१०) र ऐ. को नियम ९०ख. को उपनियम (५) अनुसार कानूनले तोकेका बिभिन्न कार्यालयहरुका प्रतिनिधिहरु समेतका रोहवरमा देहाय अनुसार सिधै वार्ताद्वारा एकमुष्ट बिक्रिगरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

१) वार्ता द्वारा बिक्रि गरिने मिति समय र स्थानः २०७३ साल श्रावण ३ (तीन) गते दिउसो ३:०० बजे देखि ५:०० बजेसम्म यस अदालतको तहसिल शाखा।

२) वार्तामा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७३।०४।०२ गते कार्यालय समय सम्म नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुत्ताको प्रमाणपत्र र नवीकरण सहितको फर्मदर्ता प्रमाणपत्रका प्रतिलिपि समेत राखी निवेदन दस्तुर रु १०००।-( एक हजार) फिर्ता नहुने गरी यस अदालतमा बुझाइ वार्तामा सहभागी हुने निवेदन दर्ता गराउनु पर्ने छ।

३) त्यसरी निवेदन दर्ता गराउने व्यक्तिहरु मिति २०७३।०४।०३ गते दिउसो ३:०० बजे देखि ५:०० बजेसम्म सम्पन्नहुने वार्तामा निवेदक स्वयम् उपस्थित हुनु पर्ने छ। निवेदन दर्ता गराई सो मिति समयमा उपस्थित नहुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई वार्तामा सहभागी गराइने छैन।

४) वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समय भित्र एउटामात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ताद्वारा मूल्य कायम गरिने र एक भन्दा बढि व्यक्ति वा फर्म उपस्थित भएमा सहभागीका बीच लिलाम बढाबढको प्रक्रिया अपनाइने छ। सो प्रक्रियामा सबभन्दा बढी अंक कबुलगर्ने व्यक्ति वा संस्थालाई लिलाममा चढाइएका जिन्सि सामानहरु बिक्रि गरिने छ। सो प्रक्रिया पृथक पृथक सामानहरुको लागी पृथक पृथक लिलामी नअपनाइ सवैको लागी एकमुष्ट अपनाइने छ।

५) वार्ता (लिलाम) मा आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्ने छ। वार्ता (लिलाम) सम्पन्न हुंदा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटि सोहि दिन फिर्ता गरिने छ।

६) वार्तामा सबभन्दा बढी कबुल गरेको अंक यस अघि कायम भएको न्यूनतम मूल्यांकन रु. ६,२४,७३८।– छ लाख चौविस हजार सात सय अड्तिस ) भन्दा कम भएमा सो मूल्यांकन भन्दा के कति प्रतिशतसम्म कम अंकसम्मको बोल अंक स्वीकार गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहने छ।

७) अन्य कुराहरु यस अदालतबाट यस अघि प्रकाशित सूचना एवं प्रचलीत कानून बमोजिम हुने।